# सेन्चुरी ईन्र्जी लिमिटेड

काठमाण्डौ महानगरपालिका – ९ , रातोपुल




# हाडि खोला सुनकोशी ए साना जलविद्युत आयोजना (९९७ किलोवाट)

## वार्षिक प्रतिवेदन

२०८२

# संचालक समिति



डा श्री कृष्ण प्रसाद दुलाल
अध्यक्ष



श्री खडक बहादुर श्रेष्ठ
संचालक



श्री तिर्थ कुमार सिंह
संचालक



श्री अनु निरौला बस्नेत
संचालक



श्री विश्व प्रकाश गौतम
संचालक



श्री माधव राज घिमिरे
संलालक

# सेन्चुरी इनर्जी लिमिटेड

का.म.न.पा. वडा नं. ९, काठमाडौं ।

## आ. व. २०८१।८२ को वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२३, दोश्रो पटक प्रकाशित मिति : २०८२/०६/२४

**आदरणिय शेयरधनी महानुभावहरु,**

यस सेन्चुरी इनर्जी लिमिटेडको सञ्चालक समितिको मिति २०८०/०६/०७ को बैठकको निर्णयानुसार यस कम्पनीको ०८१।०८२ को साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुलाई अनिवार्य उपस्थितीको जानकारीको लागि अनुरोध गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०८२ साल कार्तिक १५ गते, शनिवार बार (तदनुसार २०२५/११/०१)

स्थान : एटिक रेष्टुरेण्ट, ज्ञानेश्वर, काठमाडौं ।

समय : बिहानको ८:३० बजे ।

छलफलका विषयहरु :

**क) साधारण प्रस्तावहरु :**

१) संचालक समितिको अध्यक्ष ज्यू बाट आ.व.२०८१/०८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आसाढ मसान्त सम्मको वित्तीय विवरण, सोही अवधिको वार्षिक विवरण सँग सम्बद्ध अनूसुची छलफल गरी पारित गर्ने बारे ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

**ख) विशेष प्रस्तावहरु :**

१) कम्पनीको पूँजीको संरचना परिवर्तन तथा पूँजी वृद्धि गर्न प्रबन्धपत्र संशोधन गर्ने सम्बन्धमा ।

२) संचालक समितिबाट सिफारिस भए बमोजिम आ. व. २०८१/०८२ मा भएको कम्पनीको मुनाफाबाट कम्पनीको हालको चुक्ता पुँजीको १० प्रतिशत नगद लाभांश तथा २५ प्रतिशत बोनस शेयर गरि जम्मा ३५ प्रतिशत (कर सहित) लाभासं वितरण गर्ने ।

३) हकप्रद शेयर वा जगेडा शेयर जारी गर्ने, सोको माग गर्ने तथा बाँडफाँड गर्ने सम्बन्धमा सम्पूर्ण प्रकृया संचालन गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

४) सर्वसाधारणलाई कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा ।

५) साधारण शेयर जारी पश्चात् प्राप्त पूँजीको उपयोग सम्बन्धमा ।

६) कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

७) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**सञ्चालक समितिको निर्णयानुसार**

**संचालक अध्यक्षरकम्पनि सचिव**

# प्रतिनिधि (प्रोक्सी) फारम

श्री संचालक समिति

सेन्चुरी इनर्जी लिमिटेड

का.म.न.पा ९, रातोपुल काठमाण्डौ।

**बिषय :- प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको सम्बन्धमा ।**

महाशय

...............................जिल्ला ............. न.पा. / गा.पा. वडा नं.............. मा बस्ने म / हामी .......................................... त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति **२०८२ कार्तिक १५** गते का दिन हुने २०८१।०८२ को बार्षिक साधारण सभामा म / हामी स्वयम उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो / हाम्रो तर्फ बाट भाग लिन तथा मतदान गर्नका लागि .............जिल्ला ............. न.पा./ गा.पा. वडा नं.......... बस्ने श्री ....................................लाई नियुक्त गरि पठाएको छु / छौं ।

| | |
|---|---|
| प्रतिनिधि नियुक्त भएको व्यक्तिको | निवेदकको |
| दस्तखतको नमुना :- | दस्तखत |
| नामथर :- | नामथर :- |
| ठेगाना :- | ठेगाना :- |
| शेयरधनी नं :- | शेयरधनी नं :- |
| शेयर संख्या :- | शेयर संख्या :- |
| मिति :- | मिति :- |

# सेन्चुरी इनर्जी लिमिटेड

## २०८१।०८२ को वार्षिक साधारण सभामा अध्यक्षज्यूको मन्तव्य

यस सेन्चुरी इनर्जी लिमिटेडको गरिमामय २०८१।८२ को साधारण सभामा आफनो अमूल्य समय दिएर उपस्थित हुनुभएका **आदरणीय शेयरधनी महानुभावहरु,** कम्पनिको निमन्त्रणा लाइ स्विकार गरेर पाल्नु भएका अतिथि महानुभावहरु, नियमन निकायका प्रतिनिधी महानुभावहरु, कम्पनिका सञ्चालक मित्रहरु, कर्मचारीहरु तथा उपस्थित भद्र भलाद्मी सज्जनवृन्दहरुमा सञ्चालक समिती र मेरो व्यक्तिगत तर्फवाट यहाहरु सबैलाइ न्यानो उपस्थितिका लागि हार्दिक कृतज्ञता सहित स्वागत अभिवादन व्यक्त गर्दछु । आज हामी केवल कम्पनिको वार्षिक प्रगति विवरण प्रस्तुत गर्न मात्र नभएर, हामी सबै मिलेर देखेको सपना, भोगेका चुनौतिहरु र हासिल गरेका सफलताहरुको उत्सव मनाउन एकै ठाउमा भेला भएका छौ । तपाइहरुको अटुट विश्वास र निरन्तर सहयात्रा नै हाम्रो उर्जाको मूल श्रोत हो, जसले हामीलाइ हरेक आरोह, अवरोहमा अघि बढन प्रेरित गरिरहन्छ ।

**आदरणिय शेयरधनी महानुभावहरु,**

एक शताब्धी भन्दा अघि, सन १९११ मा जब फर्पिङवाट ५०० किलोवाट विजुली निकालेर काठमाण्डौंका महत्वपूर्ण क्षेत्रहरु झलमल्ल भएका थिए, त्यतिबेला हाम्रा पुर्खाहरुले शायदै सोचेका थिए होलान कि यहि विजुली एकदिन नेपालको आर्थिक समृद्धिको मूल आधार बन्नेछ । आज विश्व जलवायु परिवर्तनको विश्वव्यापी संकटसंग जुधिरहेको बेला, जलविद्युत केवल उर्जाको श्रोत मात्र रहेन, यो हाम्रो ग्रहलाइ बचाउने एउटा पवित्र अभियान बनेको छ । यसको ज्वलन्त उदाहरण हाम्रो छिमेकी मूलुक चिन हो, जसले संसारलाइ नै चकित पार्दै आज एक्लै ४०० गिगावाट - अर्थात ४ लाख मेगावाट) भन्दा बढि जलविद्युत क्षमता जडान गरि सकेको छ । विश्वकै सबैभन्दा ठूलो थ्री गर्जेज बाँधभन्दा पनि झण्डै तीन गुणा शक्तिशाली, ६० गिगावाटको अर्को भिमकाय परियोजना तिब्बतमा निर्माण गर्ने महत्वकांक्षी योजना अघि बढाएको छ । त्यसैगरि, अर्को छिमेकी मूलुक भारतले आफनो विशाल उर्जा मागलाई सम्बोधन गर्न हालसम्म करिव ५० गिगावाट जलविद्युत उत्पादन गरिरहेको छ र आगामी दशकमा थप हजारौ मेगावाट निर्माण गर्ने लक्ष्य राखेको छ । सरसर्ती हेर्दा, आज विश्वभर करिब १३०० गीगावाट जलविद्युत सञ्चालनमा छ । यहि विशाल क्षेत्रिय परिवेश, नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रको अथक प्रयासबाट हाम्रो कुल जडित क्षमता ३००० मेगावाट नाघ्न र वर्षायामको विजुली भारत निर्यात हुनु गौरवपूर्ण सुरुवात हो । जलविद्युत आयोजनाहरुले विजुली मात्र होइन, हाम्रो देशका दुर्गम क्षेत्रहरुमा विकासको उज्यालो पु-याउछन, हजारौलाइ रोजगारी दिन्छन र कार्बन केडिट जस्ता अन्तराष्ट्रिय व्यापार मार्फत देशलाइ विदेशी मुद्रा आर्जन गर्ने अवसर प्रदान गर्दछन । यो हाम्रो लागि व्यवसाय मात्र होइन, हाम्रा भावी पुस्तालाइ एउटा सफा र समृद्ध नेपाल सुम्पिने संकल्पमा सानो साथ पनि हो ।

एक समय थियो, जब हामी घण्टौको लोडसेडिङमा बस्न विवश थियौ । त्यो अन्धकार लाइ चिर्दै हामी उज्यालोको युगमा प्रवेश त गरेका छौं, तर हाम्रो यात्रा अझै सकिएको छैन । विशेषगरी, हिउँदमा घटदो नदिहरुको बहावसगै उत्पादनमा आउने कमिले हामीलाइ परनिर्भताको पिडाबोध गराइरहन्छ । अर्कोतर्फ, उत्पादित विजुलीलाइ उपभोक्ताको घरदैलोसम्म पुरयाउने भरपर्दो प्रसारण तथा वितरण प्रणलीको अभाव हाम्रो अर्को प्रमुख चुनौती हो । जलविद्युत आयोजनाको एक विकासकर्ताको नाताले मैले देखेको, यसको समाधानका लागि केवल नदि प्रवाहि आयोजनाहरुमा मात्र सिमित नभएर, उर्जा सुरक्षा सुनिश्चित गर्ने जलाशययुक्त आयोजनाहरुको निर्माणमा राज्य र निजी क्षेत्र दुवैले जोड दिन अपरिहार्य छ । राज्यले उत्पादनसगै खपत बढाउने अभियान पनि संगसगै लैजानु पर्दछ ।

**आदरणिय शेयरधनी महानुभावहरु,**

शेयर बजारको अनिश्चित उतारचढाव र घरजग्गा व्यवसायको अस्थिरताको तुलनामा, जलविद्युत क्षेत्रमा गरिएको लगानी ढुङ्गामा कुदिएको अक्षर जस्तै सुरक्षित र दिगो देखिएको छ । यसको एकमात्र कारण हो बजारको सुनिश्चितता । नेपाल विद्युत प्राधिकरणसंग हुने विद्युत खरिद विकी सम्झौताले हाम्रो आम्दानीलाइ दशकौसम्मको लागि ग्यारेन्टि गर्दछ । यो केवल एउटा आयोजनामा गरिएको लगानी होइन यो देशको भविश्यमा, भावी पुस्ताको उज्यालोमा र राष्टिय स्वाभिमानमा गरिएको लगानी हो । एकपटक निर्माण सम्पन्न भएपछि सामान्य सञ्चालन खर्चमा जलविद्युत आयोजनाहरुले पुस्तौसम्म प्रतिफल दिइरहन्छन, हाम्रै आयोजना, हाडिखोला साना जलविद्युत आयोजना (९९७ किलोवाट) ले सञ्चालनमा आएको आर्थिक वर्षवाट दिदैआइरहेको प्रतिफललाइ यसको उदाहरणको रुपमा लिन सकिन्छ । शेयरधनीहरुको दिर्घकालिन हितलाइ ध्यानमा राखी प्रस्तुत आर्थिक वर्ष २०८१।८२ को आर्जित मुनाफावाट चुक्ता पूँजीको १२ करोडको कर सहित १२.५ प्रतिशत दरले रु १,५०,००,०००। (अक्षेरेपी एक करोड पचास लाख) नगद लाभांश वितरण गर्ने प्रस्ताव यस गरिमामय सभामा पेश गरेको छु । त्यसैले, जलविद्युतमा लगानी गर्ने भनेको क्षणिक नाफा कमाउन मात्र होइन, देशको आर्थिक विकासको महायज्ञमा आफनो तर्फवाट एउटा इटा थप्नु पनि हो ।

**आदरणिय शेयरधनी महानुभावहरु,**

अब म यस कम्पनिको पहिलो फल, हाम्रो गौरव, हाडिखोला (सुनकोशी ए) साना जलविद्युत आयोजना (९९७ किलोवाट) को यथार्थता यहाहरु समक्ष राख्न चाहन्छु । यो आयोजना निर्माणको यात्रा कुनै युद्धभन्दा कम थिएन । विश्वव्यापी कोरोना महामारीको सकटका विच आयोजना

निमार्ण सम्पन्नता गरे पनि संचालनको शुरुवात गर्न निकै सकस भएको, र निर्माण सामाग्री र व्याजदरमा भएको अस्वाभाविक बृद्धि जस्ता अनगिन्ति आधिबेहरीहरुको सामना गर्दै, हामीले यो आयोजना लाइ २०७७ साल भाद्र १२ गतेदेखि सञ्चालनमा ल्यायौ र हाल सम्म निरन्तर ठूलो क्षति विना नै संचालन भइरहेको थियो । तर, हाम्रो संघर्ष यतिमै रोकिएन । २०७९ आषाढ २ गते को अप्रत्याशित बाढि र पहिरोको वितण्डाले आयोजनाको मुहानमा ठूलो क्षति साथै २०८० र २०८१ मा पहिरोको कारणले पाइपलाइनमा क्षति, आयोजना वाट उत्पादित विद्युत स्थानिय वितरण लाइनमा जोडिएको कारण वार्षिक ८०० घण्टा सम्म अवरुद्ध हुने अवस्था र सोहि कारण वार्षिक ५० लाख सम्मको आम्दानीमा क्षति नोक्सानी व्यहोर्न परेको तितो सत्य म यहाहरु समक्ष लुकाउन चाहन्न । तर, चुनौतिहरुसग भाग्ने होइन, जुध्ने हाम्रोसंकल्प छ । कम्पनिको सञ्चालक समिती तथा व्यवस्थापनले यो समस्याको स्थायी समाधानका लागि दिनरात लागि परिरहेको छ र त्यसैको प्रयास स्वरुप हामीले प्रसारण लाइन सुधारको पहल गर्दै नेपाल विद्युत प्राधिकरण संग सयुक्त रुपमा करिब ५ किमी नया निमार्ण सम्पन्न गरयौ जसले गर्दा निरन्तर अवरुद्ध भइरहने प्रसारणमा केहि सुधार महशस गर्‍यौ । अझै हामी यस आयोजना वाट उत्पादित विद्युत लाइ आफनै डेडिकेटेड प्रसारण लाइन निमार्ण गरि नवनिर्मित बाह्रविसे सवस्टेसन मा जोडने योजना सहित कार्य अगाडि बढाइ रहेको जानकारी गराउदछौ । उक्त प्रसारण लाइन निर्माण पश्चात हामीले भोगिरहेको नोक्सानी न्युन भइ आगामी आर्थिक वर्षहरु देखि हाम्रो आयोजना विना अवरोध सञ्चालन हुनेछ र हामीले उक्त किसिमको नोक्सानी व्यहोर्न नपर्नेमा, यहाहरुलाइ विश्वास दिलाउन चाहन्छु । त्यसपछि हाम्रो संचालनमा समग्र सुधार भइ थप प्रतिफल दिन सफल हुनेछौ ।

**आदरणिय शेयरधनी महानुभावहरु,**

एउटा आयोजनाको अनुभव र सफलताबाट उत्साहित हुदै हामीले भविष्यको नया अध्यायको रुपमा चम्पावति हाइडोपावर लिमिटेड द्वारा प्रवर्तित चेपेखोला साना जलविद्यत आयोजना (७ मेगावाट) मा रु १ करोडको लगानी गरिसकेका छौ जुन आयोजना ०८१।३।२५ बाट व्यवसायिक उत्पादन शरु भइसकेको छ । हाल पनि निमार्णाधिन आयोजनाहरु संग लगानीका लागि वार्ता भइरहेको छ । लमजङ स्थित न्यादि फिदी जलविद्युत आयोजना (२१.४० मेगावाट) मा १ करोड लगानीको लागी छलफल भइरहेको छ । मोरङ स्थित चिसाङ खोला साना जलविद्यत आयोजना (१.८० मेगावाट) पनि हाल प्रवर्धन गरि रहेको स्थानिय हरु सग मिलेर संयुक्त रुपमा लगानी सहित निमार्ण गर्ने योजना अघि बढि रहेको छ । त्यस्तै संखुवासभा स्थित माथिल्लो माया खोला साना जलविद्युत आयोजना (५ मेगावाट) मा मुख्य लगानी सहित निमार्णमा सकृय रुपमा सहभागी हुनेगरि तयारी भइरहेको जानकारी यसै सभा मार्फत सबैलाइ गराउदछु । माथिल्लो माया खोला साना जलविद्युत आयोजना निमार्णका लागि मेरो नेतृत्वमा माछापुच्छे बैक लिमिटेड संग वित्तिय व्यवस्थापनको लागि प्रक्रिया अगाडि बढि रहेको छ र आगामी २ महिना भित्र सो ऋण सम्झौता गरिसक्ने योजना रहेको छ । साथै, सोहि आयोजनाको लागि आवश्यक पर्ने निजी जग्गा खरिद गरिसकिएको छ भने सरकारी जग्गाको भोगाधिकार स्विकृतीको लागि प्रक्रिया शुरु भइसकेको छ । यस आयोजना निर्माणको लागि हाम्रा सम्पूर्ण तयारीहरु जारी रहेको र हामी आउदो पौष भित्र निमार्ण कार्य सुरु गर्ने लक्ष्य राखेका छौ । यस कम्पनि वाट लगानी गरिएका आयोजनाहरुको सफल सञ्चालनले हाम्रो कम्पनिको वित्तिय स्वास्थ्य लाइ थप बलियो बनाउने र यहाहरुको लगानीमा अझ राम्रो प्रतिफल दिनेमा हामी विश्वस्त छौ ।

**आदरणिय शेयरधनी महानुभावहरु,**

हामीलाइ थाहा छ, तपाइ हामी सबैजना कम्पनिको प्रारम्भिक शेयर निष्काशन (IPO) तथा नेप्सेमा सुचिकृतको लागि व्यग्र प्रतिक्षामा छौ । हामीले आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा सर्वसाधारणको लागि रु ३ करोड बराबरको ३ लाख कित्ता प्रारम्भिक शेयर (IPO) निष्कासन गर्न गत वर्ष को मंसिर १४ गते नै नेपाल धितोपत्र बोर्ड (SEBON) मा आवेदन दिइसकेका छौ । तर, बोर्डको प्रक्रियागत कारणले गर्दा स्विकृतिमा विलम्ब भएको छ । हालसालै नेपाल सरकार द्वारा जारी गरिएको SME निर्देशिका र सोहि कारण वाट कम्पनिमा पूजी बृद्धि गर्न आवश्यक देखिएकोले छ । अब कम्पनीको अधिकृत पूँजी रु २५.५० करोड र चुक्ता पूँजी रु २०.४० करोड कायम गर्ने र सो पूजी बृद्धि प्रक्रिया लाइ अविलम्ब पुरा गरि प्रारम्भिक शेयर निष्काशन लाइ पुन निवेदन सहित छिटो भन्दा छिटो प्रक्रिया लाइ टुङ्याउने सोच बनाएका छौ । यहाहरुलाइ जानकारी नै छ, यस प्रारम्भिक शेयर निष्काशन वाट आउने रकम र नपुग रकम यसै कम्पनिका इच्छुक शेयरधनिहरु बाट लगानी स्विकार गरि माथिल्लो माया खोला साना जलविद्युत आयोजना मा लगानी सहित नेतृत्व लिइ निर्माणमा परिचालन गर्नेछौ ।

**अन्त्यमा,**

यस कम्पनिको हालसम्मको यात्रा कुनै एक व्यक्तिको प्रयासले मात्र सम्भव भएको होइन  यो हामी सबैको सामुहिक सपना र संकल्पको प्रतिफल हो । यस यात्रामा निरन्तर काँधमा काँध मिलाएर हिड्नु हुने मेरा आदरणिय शेयरधनी महानुभावहरु, सञ्चालक समितीका सहकर्मिहरु, वित्तिय साझेदार माछापुच्छे बैक, नियमनकारी निकायहरु, स्थानिय जनप्रतिनिधीहरु र आयोजना क्षेत्रका बासिन्दाहरु त्था कम्पनिका कर्मचारी साथीहरु प्रति म ह्रदयदेखि नै कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

**आदरणिय शेयरधनी महानुभावहरु,**

अब, म यस कम्पनिको आर्थिक वर्ष २०८१।८२ को आषाढ मसान्त सम्मको वासलात, नाफा-नोक्सान, नाफा नोक्सान बाडँफाडँ हिसाब, नगद प्रभाव विवरण लगायतका वित्तिय विवणहरु सहितको वार्षिक प्रतिवेदन यस गरिमामय सभामा छलफलको लागि प्रस्तुत गर्दछु । प्रस्तुत

वित्तिय विवरणहरु तथा प्रतिवेदनको अध्ययन पश्चात यहाँहरु बाट प्राप्त हुने रचनात्मक सुझाव, सहयोग र सद्भावले कम्पनिको भावी कार्यदिशा निर्धारण गर्न तथा कम्पनिको लक्ष्य प्राप्तीमा थप सहयोग पुग्ने छ भन्ने विश्वास लिएको छु।

धन्यवाद ।
डा कृष्ण प्रसाद दुलाल
अध्यक्ष
२०८२।०७।१५

सेन्चुरी इनर्जी लिमिटेड
०८१।८२ वार्षिक साधारण सभामा संचालक समितीको तर्फबाट अध्यक्षज्यद्धारा प्रस्तुत हुने
आर्थिक वर्ष २०८१।८२ को वार्षिक प्रतिवेदन

## कम्पनि ऐन, २०६३ को दफा १०९ को उपदफा ४ बमोजिम संचालक समितीको वार्षिक प्रतिवेदन आ व २०८१।८२

**कम्पनिको संक्षिप्त परिचय :**

सेन्चुरी इनर्जी लिमिटेड मिती २०६८।४।३१ मा एकल संस्थापक भएको कम्पनीका रुपमा दर्ता भएको हो साथै यस कम्पनिले ०८०।३।२१ बाट पब्लिक कम्पनिको रुपमा कारोबार गर्दै आएको छ । यस कम्पनिले सिन्धुपाल्चोक जिल्लाको त्रिपुरासुन्दरी गाउपालिका वार्ड नं १ मा हाडिखोला साना जलविद्युत आयोजनाको निमार्ण सम्पन्न गरि संचालन गर्दै आएको छ । यस आयोजनाको जडित क्षमता ९९७ किलोवाट रहेको छ । यस आयोजनाले २०७७ साल भाद्र १२ गतेदेखि व्यवसायिक रुपमा विद्युत उत्पादन गर्दै आएको छ । यस आयोजनाको Gross Head २५५ मिटर, नेट हेड २४५ मिटर र इन्टेक क्षेत्रको Catchment Area १९ वर्ग कि मि रहेको छ ।

**क) विगत वर्षको कारोबारको सिहंलोकन :**

आर्थिक वर्ष २०८०।०८१ र आर्थिक वर्ष २०८१।८२ मा कम्पनिले गरेको आर्थिक कारोबारको मूख्य वित्तिय विवरणको तुलानात्मक अवस्था निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

| क सं | विवरण | आर्थिक वर्ष २०८१।०८२ (रु) | आर्थिक वर्ष २०८०।०८१ (रु) | फरक (रु) |
|---|---|---|---|---|
| १ | शेयर पूजी | १२,००,००,०००।०० | १२,००,००,०००।०० | - |
| २ | जगेडा कोष | ५,९५,२०,९२१।०० | ४,५०,६६,०८५।०० | १,४४,५४,८३६।०० |
| ३ | मध्यम तथा दिर्घकालिन ऋण | ९,५७,४०,७३८।०० | ११,३८,८०,७३८।०० | (१,८१,४०,०००।००) |
| ४ | स्थीर सम्पति | २२,४४,९५,८५०।०० | २३,१४,०१,७२०।०० | (६९,०५,८७०।००) |
| ५ | चालु सम्पति | ८६,८५,४१९।०० | ५९,२६,३४६।०० | २७,५९,०७३।०० |
| ६ | नगद तथा बैंक मौज्दात | ४,०४,२०,४४४।०० | ३,७५,५९,१०७।०० | २८,६१,३३७।०० |
| ७ | चालु दायित्व | १४,७१,५२७।०० | ६,१७,५८४।०० | ८,५३,९४३।०० |

यस कम्पनीको आर्थिक वर्ष ०८१।०८२ को वित्तिय विवरणहरु टि सुबास एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स द्धारा लेखापरिक्षण गरिएको छ । कम्पनिको दिर्घकालिन ऋण माछापुच्छे बैंक लिमिटेडमा रहेको छ र २०८२ आषाढ मसान्त सम्म जम्मा रु ९,५७,४०,७३८।०० सावा ऋण तिर्न बाकि रहेको छ । सावा तथा व्याज भुक्तानी ०७७ भाद्र बाट शुरु भइ चालु आर्थिक वर्षको समेत २ वटा किस्ता वापत रु ६२,४०,०००। भुक्तानी भइसकेको छ ।

| सि नं | महिना | आर्थिक वर्ष २०८१।८२ | | | | |
|---|---|---|---|---|---|---|
| | | दिन | कन्ट्रायाक्ट ईनर्जी | उत्पादन | उत्पादनमा फरक | कैफियत |
| १ | श्रावण | ३२ | ७४३,३६७.२३ | ६६७,८०३.३९ | -७५,५६३.८४ | न्युन उत्पादन |
| २ | भाद्र | ३१ | ६९७,६३३.०० | ६७७,२५९.०० | -२०,३७४.०० | न्युन उत्पादन |
| ३ | आश्विन | ३० | ६७५,१२८.७१ | ६७८,३५७.३३ | ३,२२८.६२ | **अधिक उत्पादन** |
| ४ | कार्तिक | ३० | ६५२,६२४.०० | ५०७,६९७.१३ | -१४४,९२६.८७ | न्युन उत्पादन |
| ५ | मंसिर | ३० | ६९८,४०८.२९ | ७११,५०६.८६ | १३,०९८.५७ | **अधिक उत्पादन** |
| ६ | पौष | २९ | ६५२,६२४.७० | ६५४,६६३.४० | २,००८.७ | **अधिक उत्पादन** |
| ७ | माघ | ३० | ६७५,१२८.२८ | ५८७,४४५.७२ | -८७,६८२.५६ | न्युन उत्पादन |
| ८ | फाल्गुण | २९ | ५८७,३८३.४० | ५६६,५३७.५५ | -२०,८४५.८५ | न्युन उत्पादन |
| ९ | चैत्र | ३१ | ४४५,०२२.५७ | ४४९,८७५.१५ | ४,८५२.५८ | **अधिक उत्पादन** |
| १० | बैशाख | ३१ | ६७४,२८१.०० | ५०४,०९२.६१ | -१७०,१८८.३९ | न्युन उत्पादन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | जेष्ठ | ३१ | ६९७,६३३.०० | ५५७,२५१.६९ | -१४०,३८१.३१ | न्युन उत्पादन |
| १२ | आषाढ | ३२ | ६९७,६३३.०० | ६६७,४४३.९४ | -३०,१८९.०६ | न्युन उत्पादन |

यस आयोजनाले आर्थिक वर्ष ०८१।०८२ मा कुल कन्ट्रायाक्ट इनर्जीको ९१ प्रतिशत विद्युत उत्पादन गर्न सफल भएको छ ।

**ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थिती वाट कम्पनिको कारोवारलाइ कुनै असर परेको भए सो असर :**
असर नपरेको

**ग) प्रतिवेदन तयार भएको मितीसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा संचालक समितीको धारणा**

**आ ब ०८२।८३ को आश्विन मसान्त सम्म यस कम्पनि द्धारा प्रवर्तित आयोजनाको उत्पादन यस प्रकार रहेको छ ।**

| महिन | कन्ट्रायाक्ट ईनर्जी | उत्पादन यनिट | बिक्री रु | कैफियत |
|---|---|---|---|---|
| **२०८२ श्रावण** | ७२०,१३७.०० | ६७५,२२२.१० | ३,६३२,६९४.९० | न्युन उत्पादन |
| **२०८२ भाद्र** | ६९७,६३३.०० | ७०७,६४२.७५ | ३,७५३,२६५.५४ | |
| **२०८२ आश्विन** | ६९७,६३३.०० | ७००,७९३.१७ | ३,८५०,९३४।१६ | |

**चालु आ व को २०८२ आश्विन मसान्त सम्म कन्ट्रायाक्ट इनर्जीको ९८ प्रतिशत विद्युत उत्पादन भएको छ । चालु आ व को प्रथम तिन महिनामा न्यन उत्पादनका कारण करिब रु २.५ लाख नोक्सान भएको छ ।**

- **कम्पनीको भावी योजना**

अ) यस कम्पनिले सञ्चालन गरिरहेको हाडिखोला (सनकोशी ए ) साना जलविद्यत आयोजना (९९७ किलोवाट) बाट सम्भव भए सम्म बढि विद्युत उत्पादन गर्न प्रविधिको उच्चतम प्रयोग, श्रोत साधनको व्यवस्थापन तथा परिचालन गर्ने ।
आ) जोखिम न्युनीकरणको लागी सम्भव भएसम्मका उपायहरु अवलम्वन गरि जोखिम न्युनीकरण सम्बन्धि कार्यहरु गर्ने ।
इ) सर्वसाधरणमा प्राथमिक शेयर निष्काशन गर्न धितोपत्र बोर्डमा परिमार्जन सहित पुन निवेदन दिइ स्विकृतीको लागि पहल गर्ने ।
ई) आयोजना वाट उत्पादित विद्युत स्थानिय प्रसारण लाइनमा जोडिएको कारण वाट आयोजना संचालनमा समस्या भइ वार्षिक करिब ६०० घण्टा पावर हाउस बन्द हुने अवस्था लाइ सुधार गर्न आफनै प्रसारण लाइन निमार्ण गरि नवनिर्मित बाह्रविसे सवस्टेसन मा जोड्न पहल गर्ने ।
उ) कम्पनिले निमार्णाधिन न्यादि फिदी (२१.४० मेगावाट) आयोजनामा चालु आर्थिक वर्ष भित्र रु १ करोड सम्मको लगानी गर्ने ।
ऊ) कम्पनि वाट जारी गरिने प्रारम्भिक शेयर निष्कासन वाट जम्मा हुने रकम तथा विद्यमान शेयर होल्डर हरु वाट रकम संकलन गरि माथिल्लो माया खोला साना जलविद्युत आयोजना (५ मेगावाट) तथा चिसाङ खोला साना जलविद्युत आयोजना (१.८० मेगावाट) मा नेतृत्व सहित लगानी गर्नका लागी आवश्यक पहल गरि यहि आर्थिक वर्ष भित्र टुङगो लगाउने ।

**घ) कम्पनिको औधोगिक वा व्यावसायिक सम्बन्ध :**
आयोजना निर्माण तथा संचालनका लागि सबैक्षेत्रको सहयोग आवश्यक पर्दछ । कम्पनीको व्यवसायिक सम्बन्ध मूलत नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, कम्पनी रजिष्ट्ररको कार्यलय, उधोग विभाग, बाह्रविसे नगरपालिका र त्रिपुरासुन्दरी गाउपालिका तथा स्थानिय बासिन्दा, आयोजना सफलतापूर्वक संचालन गरिरहनका निम्ती प्राविधिक परामर्श प्रदान गरिरहनु भएका विभिन्न परामर्शदाताहरु संगको थप समधुर सम्बन्धले पनि कम्पनीले अझ सफलता हासिल गर्न सक्ने विशवाससहित सम्बन्धलाइ अझ बलियो बनाउन सदैव सजग रहदै आएको छौ ।

**ङ) संचालक समितीमा भएको हेरफेर र सोको कारण :**
प्रस्तुत वर्ष कम्पनिको संचालक समितीमा कुनै हेरफेर नभएको

**च) कम्पनिको कारोवारलाइ असर पार्ने मुख्य कुराहरु :**
कम्पनिको कारोवारलाइ असर पार्ने मुख्य कुराहरु देहाय अनुसार छन

- नेपालको संविधान बमोजिम संघियता कार्यान्वयनका क्रममा संघिय सरकार ताथ प्रादेशिक सरकारले जारी गर्ने ऐन, कानुन, नियमहरु तथा विद्यमान ऐन कानुनमा हुने संशोधन तथा परिवर्तनले निजी क्षेत्रबाट प्रवर्धन गर्ने जलविद्युत आयोजनाको निर्माण तथा सञ्चालनमा अनुकुल / प्रतिकुल असर पार्न सक्ने ।

- बन्द, हडताल, चक्काजाम, नाकाबन्धी, जस्ता राजनितीक घटनाक्रम, बाढि पहिरो, खडेरी, भुकम्प, आदि जस्ता अप्रत्याशित प्रकोप, साथै मुद्रास्फिती, इन्धनको मुल्य बृद्धि, बैकको व्याजदरमा वृद्धि, विनिमयदरमा परिवर्तन आदि आर्थिक वित्तीय कारणले पनि जलविद्युत आयोजनाहरुको विकासमा प्रतिकुल असर पार्दछ ।
- **अन्तर्निहित जोखिमहरु:**
  अ) खडेरी, अनावृष्टि, जलश्रोत मुहानमा अप्रत्याशित परिवर्तन, जलवायु परिवर्तनका कारण हुने अनेपेक्षित वातावरणिय परिवर्तन आदिका कारण पानीको श्रोतमा कमि आएमा उत्पादन क्षमता कमि आउन सक्ने ।
  आ) प्राकृतिक प्रकोप तथा नियन्त्रण बाहिरका परिस्थितीहरु सृजना भइ आयोजनाको भौतिक संरचना तथा उपकरणहरुमा क्षति पु-याएमा खर्च बृद्धि हुन सक्ने तथा व्यवसायिक आम्दानीमा कमि हुन सक्ने ।
  इ) प्रसारण लाइनमा हुन सक्ने प्राविधिक वा यान्त्रिक गडबडिका कारण उत्पादित विद्युत आपूर्ति अवरुद्ध हुनसक्ने ।
  ई) विद्युत केन्द्रमा जडित मेसिन तथा यान्त्रिक उपकरणमा हुने खराबीका कारण विद्युत उत्पादन तथा आपूर्ति अवरुद्ध हुनसक्ने ।
  उ) खपतमा समस्याका कारण विद्युत उत्पादनमा कटौती हुन सक्ने ।

उपरोक्त सम्भावित जोखिमहरुलाइ न्युनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थापनका साथै यस कम्पनिको जलविद्युत केन्द्रको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको निर्माण जोखिमलाइ न्युनिकरण गर्न विमा गरिएको छ । नियमित तथा आकस्मिक रुपमा मेसिनरी, उपकरण, सिभिल संरचना तथा प्रसारण लाइन आदिको निरिक्षण र मर्मत संभार गरिने व्यवस्था मिलाउनुका साथै जलविद्युत केन्द्रको नियमित मर्मत सम्भारको लागि आवश्यक पर्ने पार्ट पुर्जाको व्यवस्था गरि नियमित अनुगमन तथा निरिक्षणको व्यवस्था गरिएको छ ।

**छ) लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितीको प्रतिकृया:**
लेखापरीक्षाण प्रतिवेदनमा नियमित कारोवारमा देखिएका सामान्य कैफियत, प्रतिकृया र सुझाव माथि सञ्चालक समितीको ध्यानाकर्षण भइ लेखापरिक्षक वाट प्राप्त भएका सुझाव, प्रतिक्रियाहरु कार्यान्वियन गर्न व्यवस्थापनलाइ निर्देशन दिइएको छ ।

**ज) लाभांस बाडफाड गर्न सिफारिस गरिएको रकम**:
आर्थिक वर्ष २०८१।८२ आषाढ मसान्त सम्ममा कम्पनिले कमाएको मुनाफा वाट कुल चुक्ता पुजीको १० प्रतिशत नगद तथा २५ प्रतिशत बोनस शेयर गरि जम्मा ३५ प्रतिशत लाभासं (कर सहित) वितरण गर्ने प्रस्ताव यस सभामा पेश गरिएको छ ।

**झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोवापत कम्पनिले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिकी गरी कम्पनिले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण:**

यस आर्थिक वर्षमा कुनै पनि शेयर जफत सम्बन्धी कार्य भएको छैन ।

**ञ) विगत आर्थिक वर्षमा कम्पनि र यसको सहायक कम्पनिको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितीको पनरावलोकन:**

यस कम्पनिको कुनै सहायक कम्पनि छैन । यस कम्पनिको कारोबारको प्रगति माथि उल्लेख भइ नै सकेको छ ।

**ट) कम्पनि तथा त्यसको सहायक कम्पनिले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनिको कारोबारमा आएको कुनै महत्वपर्ण परिवर्तन :**
यस कम्पनिको कुनै सहायक कम्पनि छैन । यस कम्पनिले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख आर्थिक कारोवार र सो अवधिमा कम्पनिको कारोवारमा आएको महत्वपूर्ण परिवर्तन संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रभाव विवरण तथा लेखा सम्बन्धी टिप्पणीवाट स्पष्ट हुनेनै छ ।

**ठ) विगत आर्थिक वर्षमा कम्पनिको आधारभत शेयरधनीहरुले कम्पनिलाइ उपलब्ध गराएको जानकारी :**

विगत आर्थिक वर्षमा कम्पनिको आधारभूत शेयरधनीहरुले कम्पनीलाइ कुनै जानकारी उपलब्ध गराएको छैन ।

**ड) विगत आर्थिक वर्षमा कम्पनिका सञ्चालक तथा पदाधिकारीहरुले तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनिको शेयर कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरु वाट कम्पनिले प्राप्त गरेको जानकारी:**

आर्थिक वर्ष २०८१।८२ को अन्त सम्ममा यस कम्पनिका सञ्चालक तथा पदाधिकारीहरुको शेयर स्वामित्व निम्न बमोजिम रहेको र निजहरु कम्पनिको शेयर कारोवारमा संलग्न नरहेको ।

| क स | नाम थर | पद | शेयर संख्या |
|---|---|---|---|
| १ | डा कृष्ण प्रसाद दुलाल | अध्यक्ष | ४१,८०० |
| २ | खडक बहादुर श्रेष्ठ | संचालक | ७४,८५० |
| ३ | तिर्थ कुमार सिह | संचालक | ४०,६२५ |
| ४ | अनु निरौला बस्नेत | संचालक | ४०,००० |
| ५ | विश्व प्रकाश गौतम | संचालक | ५,५०० |
| ६ | माधव राज घिमिरे | स्वतन्त्र संचालक | - |

**ढ) विगत आर्थिक वर्षमा कम्पनिसंग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारी व्यहोरा :**

त्यस प्रकारको जानकारी उपलब्ध नभएको ।

**ण) कम्पनिले आफनो शेयर आफैले खरिद गरेको भए त्यसरी आफनो शेयर खरिद गर्नको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरे वापत कम्पनिले भुक्तानी गरेको रकम :**

कम्पनिले आफनो शेयर आफैले खरिद गरेको छैन ।

**त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

कम्पनिको आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाइ सुव्यवस्थित रुपमा कारोवार सञ्चालन गर्नका लागि सञ्चालक समिती प्रतिबद्ध रहेको छ र समय समयमा संचालक सदस्यहरु नै स्थलगत निरिक्षण गरि कम्पनि व्यवस्थापनलाइ आवश्यक निर्देशन दिने गरेको छ। समय समयमा आवश्यकता अनुसार कानुनी तथा वित्तिय परामर्शदाताहरुको समेत राय सुझावहरु लिइ आन्तरिक नियन्त्रण प्रणालीलाइ परिष्कृत तथा समय सापेक्ष बनाउदै लगिएको छ।

**थ) आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**
आ व २०८१।८२ को व्यवस्थापन खर्च तर्फ रु २०,९७,३८६। खर्च भएको छ ।

**द) सञ्चालक प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनि आधारभुत शेयरधनि वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनि वा संगठित संस्थाले कम्पनिलाइ कुनै रकम बुझाउन बाकि भए सो कुरा :**

नभएको ।

**ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाइ भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

आ व २०८१।८२ मा सञ्चालक समिती सदस्यहरुलाइ बैठक भत्ता वापत कर सहित रु ३,३६,६००। भुक्तानी भएको छ । प्रति बैठक भत्ता वापत कर सहित अध्यक्ष तथा सञ्चालक लाइ रु ६००० भुक्तानी गर्ने गरिएको छ ।

**न) शेयरधनीहरुले बुझिलिन बाकि रहेको लाभांशको रकम :**

रु १६७,२९४।

**प) दफा १४१ बमोजिम सम्पति खरिद वा विकी गरेको कुराको विवरण :**
नभएको

**फ) दफा १७५ बमोजिम सम्बद्ध कम्पनि बीच भएको कारोबारको विवरण :**
नभएको

**ब) यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितीको प्रतिवेदनमा खुलाउन पर्ने अन्य कुनै कुरा :**

नभएको ।

**संस्थागत सुशासन**

कम्पनिको संस्थागत सुशासन कायम राख्न व्यवस्थापन तथा संचालक समिती सदा प्रतिबद्ध रहेको छ । प्रचलित कानुन र नियमन निकाय वाट जारी भएका सुशासन सम्बन्धी व्यवस्थाहरु त्था निर्देशिकाहरु पूर्ण पालना गरिएको छ । आन्तरिक र बाहय लेखापरिक्षकहरुले दिनुभएको सल्लाह, सुझाव तथा निर्देशनहरुको पालना गर्ने गरिएको छ ।

**लेखापरीक्षकको नियुक्ती :**

आ व २०८१।८२ को लेखापरिक्षक श्री टि सुबाश एण्ड एसोशियट्स, चार्टर्ड एकाउन्टेन्ट्स नै आ व २०८२।८३ को लेखा परिक्षण गर्न योग्य देखिएकोले लेखापरिक्षक श्री टि सुवाश एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स लाइ नै रु ७५,०००। (कर बाहेक) पारिश्रमिक प्रदान गर्ने सहित नियुक्ती गर्ने प्रस्ताव स्विकृतीको लागि यस सभामा पेश गरिएको व्यवहोरा अनुरोध छ ।

**संस्थागत सामाजिक उत्तरदायित्व :**
विगत वर्षमा जस्तै यस वर्ष पनि कम्पनिले आयोजना प्रभावित क्षेत्रमा विभिन्न सहयोगात्मक कार्यक्रमहरु गर्दै आइरहेको छ । आर्थिक वर्ष २०८१।८२ मा कम्पनिले आयोजना प्रभावित क्षेत्रमा निम्न अनुसार कार्यहरु गरेको छ ।
क) बाह्रविसे नगरपालिका १ अन्तर्गत का दुइ विधालयहरु लाइ रु ३ लाख सहयोग उपलब्ध गराएको छ ।
ख) बाह्रविसे नगरपालिका अन्तर्गतको सेतो लागिगुरास युवा क्लब लाइ रु १ लाख सहयोग उपलब्ध गराएको छ ।
ग) त्रिपुरासुन्दरी गाउपालिका १ अन्तर्गत हाडि खोला वाट घोर्थली जाने वाटोमा पहिरो रोकथामका लागि ग्यावियन र ढुङगे पर्खाल लगाउने कार्य गरेको छ जसको खर्च जम्मा ८ लाख पचास हजार (भ्याट सहित) भएकोछ ।
घ) पहिरो रोकथामका लागि स्थानिय वन समिती संग सहकार्य गर्दै विभिन्न जातका करिब १ हजार विरुवाहरुको वृक्षारोपण गर्ने कार्य सम्पन्न गरेको छ ।

**अन्त्यमा**
कम्पनिको व्यवसायिक उद्देश्य पुरा गर्न यसको शेयर पूजीमा लगानी गरि जलविद्युत आयोजना निर्माणमा प्रत्यक्ष परोक्ष सहयोग गर्न हुने सम्पूर्ण शेयरधनी मानुभावहरु, संचालक सहकर्मीहरु, निर्माण व्यवसायी कम्पनि तथा आपूर्ति एवं सेवा प्रदायक कम्पनिहरु, आयोजनाको वित्तीय आवश्यकता पूर्तिका लागि कर्जा लगानी गर्ने बैंक तथा वित्तिय संस्थाहरु, उत्पादित विद्युत उर्जा खरिद गर्ने नेपाल विद्युत प्राधिकरण, अनुमति पत्र प्रदायक उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय, नियमनकारी निकाय, विद्युत नियमन आयोग, विद्युत विकास विभाग, कम्पनि रजिष्टारको कार्यलय, उद्योग विभाग लगायत सम्बन्धित सरकारी तथा गैर सरहकारी निकायहरु, प्रभावित क्षेत्रका बासिन्दाहरु कम्पनिको काममा अथक मेहेनत गर्ने सम्पूर्ण कर्मचारी मित्रहरु लाइ संचालक समिती प्रति देखाउन भएको सहयोग सद्भाव र विश्वासको लागि हृदयदेखि नै संचालक समिती तथा मेरो व्यक्तिगत तर्फ वाट धन्यवाद ज्ञापन गर्दछु ।

डा कृष्ण प्रसाद दुलाल
अध्यक्ष
मिती २०८२।०७।१५